जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर। म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर !! -कवि पवेन्द्र मानश्रेष्ठ
समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक
जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१
सबै क्षेत्रको प्रवर्द्धनको गुरु
www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily
एक कदम अगाडि

वर्ष १३ • अंक २४९ • २०८३ असार १५ गते सोमवार • 29 Jun. 2026 • पृष्ठ ४ • मुल्य रु.५/-

विज्ञापनको लागि सम्पर्क
: ९८४४०२७९७१
Whats App No:- ९८२४८७७६२७
Gmail :- Jaleshwortoday @gmail.com

## अन्तरक्रिया एवं स्थलगत अनुगमन कार्यक्रम सम्पन्न

जलेश्वरटुडे समाचारदाता
जनकपुरधाम, १४ असार



संघीय संसद राष्ट्रिय सभा अन्तर्गतको संघीयता सबलीकरण तथा राष्ट्रिय सरोकार समितिले आइतबार जनकपुरधाममा संघीयता कार्यान्वयनको अवस्था, तहगत समन्वय तथा राष्ट्रिय सरोकारका विषयमा अन्तरक्रिया एवं स्थलगत अनुगमन कार्यक्रम सम्पन्न गरेको छ। जनकपुरधाम उपमहानगरपालिकाको सभाहलमा आयोजित कार्यक्रममा संघ, प्रदेश र स्थानीय तहबीचको समन्वय, वित्तीय तथा प्रशासनिक संघीयताको प्रभावकारी कार्यान्वयन, आवश्यक कानुन निर्माण, स्रोत व्यवस्थापन, आयोजना कार्यान्वयन, राष्ट्रिय सम्पदाको संरक्षण तथा समन्यायिक विकासका विविध पक्षमा छलफल गरिएको हो।

कार्यक्रमलाई सम्बोधन गर्दै समितिकी सभापति रोशनी मेचेले संघीय व्यवस्थामाथि भइरहेका टिप्पणी र प्रहारप्रति गम्भीर चिन्ता व्यक्त गर्दै संघीयतामाथिको कुनै पनि प्रकारको आक्रमण स्वीकार्य नहुने बताइन्। उनले संघीय शासन प्रणालीलाई थप प्रभावकारी र जनमुखी बनाउँदै यसको सफल कार्यान्वयनमा सबै पक्ष जिम्मेवार बन्नुपर्ने आवश्यकता औंल्याइन्। सभापति मेचेले पछिल्लो समय सामाजिक न्यायको अवस्था कमजोर बन्दै गएको उल्लेख गर्दै लैगिक हिंसा, श्रम शोषण तथा विभेदजन्य गतिविधिले सभ्य समाज निर्माणमा चुनौती थपिरहेको बताइन्। यस्ता विकृतिको अन्त्यका लागि राज्यका सबै तह र सरोकारवाला निकायबीच प्रभावकारी सहकार्य आवश्यक रहेको उनको भनाइ थियो। अन्तरक्रियामा जनकपुरधाम उपमहानगरपालिकाका नगरप्रमुख मनोजकुमार साहले स्थानीय तहले संघीयताको मर्मअनुसार सेवा प्रवाह र विकास निर्माणलाई अघि बढाइरहेको उल्लेख गर्दै संघ र प्रदेशसँगको समन्वय अझ प्रभावकारी हुनुपर्ने धारणा राखे।

कार्यक्रममा समितिका सदस्य मनरुपा शर्मा, धर्मेन्द्र पासमान, उपप्रमुख किशोरी साह, वडाध्यक्षहरू, कार्यपालिका सदस्य, प्रमुख प्रशासकीय अधिकृत, विभिन्न सरकारी कार्यालयका प्रमुख, सुरक्षा निकायका प्रतिनिधि तथा अन्य सरोकारवाला निकायका पदाधिकारीहरूको सहभागिता रहेको थियो। समितिले जनकपुरधाममा गरेको अन्तरक्रिया तथा स्थलगत अनुगमनबाट संघीयता कार्यान्वयनमा देखिएका चुनौती, कानुनी तथा प्रशासनिक सुधारका आवश्यकता र तहगत समन्वयलाई थप प्रभावकारी बनाउने विषयमा सुझाव संकलन गरेको जनाएको छ।

## 'जलवायु न्याय अभियान क्षमता अभिवृद्धि कार्यशाला' सम्पन्न



जलेश्वरटुडे समाचारदाता
जनकपुरधाम, १४ असार

जलवायु परिवर्तनका कारण बढ्दो वातावरणीय जोखिम तथा त्यसबाट प्रभावित समुदायको अधिकार सुनिश्चित गर्ने उद्देश्यले जनकपुरधाममा एकदिने 'जलवायु न्याय अभियान क्षमता अभिवृद्धि कार्यशाला' सम्पन्न भएको छ।

दिगो विकास इन्स्टिच्युट नेपालको समन्वय तथा युवा अभियन्ता आभाष कर्णको नेतृत्वमा आयोजित कार्यशाला नेपाल पत्रकार महासंघ धनुषाको सभाहलमा सम्पन्न भएको हो। कार्यक्रममा कायापलट, ओरेक नेपाल तथा अन्य साझेदार संस्थाहरूको सहकार्य र सहयोग रहेको आयोजकले जनाएको छ। कार्यशालामा मधेश प्रदेशका आठ जिल्लाबाट आएका करिब ४५ जना युवा, सामाजिक अभियन्ता तथा जलवायु अभियन्ताहरू सहभागी भएका थिए।

सहभागीहरूले जलवायु परिवर्तनले निम्त्याएको चुनौती, जलवायु न्यायको अवधारणा, नीति निर्माणमा युवाको भूमिका तथा स्थानीय तहमा जलवायुमैत्री योजनाको आवश्यकता लगायतका विषयमा समूहगत छलफल गरेका थिए। साथै उनीहरूले जलवायु न्यायसँग सम्बन्धित विभिन्न परियोजना तथा कार्ययोजना तयार गरी प्रस्तुतसमेत गरेका थिए।

कार्यक्रमका प्रमुख अतिथि जनकपुरधाम उपमहानगरपालिकाका उपमेयर किशोरी साहले जलवायु परिवर्तनको प्रभावबारे जनचेतना अझै पर्याप्त नभएको बताउँदै युवाहरूको सक्रियता प्रशंसनीय रहेको धारणा राखे। उनले भने, 'जनकपुरधाममा वातावरण संरक्षण र जलवायु परिवर्तनबारे जनचेतना अझै न्यून छ। यस्ता कार्यक्रमले नागरिकलाई सचेत बनाउन महत्वपूर्ण भूमिका खेल्छन्। अब यस्ता अभियान वडा-वडासम्म विस्तार गर्न आवश्यक छ। उपमहानगरपालिकाको तर्फबाट आवश्यक सहयोग रहनेछ।' कार्यक्रममा ओरेक नेपाल मधेश प्रदेश संयोजक बिना सिंहले जलवायु परिवर्तनले विशेषगरी महिला तथा सीमान्तकृत समुदायको स्वास्थ्य, जीविकोपार्जन र दैनिकीमा पारेको असरबारे प्रकाश पारिन्। उनले जलवायु न्यायका नीति निर्माणमा महिलाको सहभागिता र दृष्टिकोणलाई प्राथमिकता दिनुपर्नेमा जोड दिइन्। कायापलट संस्थाका कार्यक्रम अधिकृत प्रत्युष ठाकुरले जलवायु परिवर्तनको वर्तमान अवस्था, मधेश प्रदेशमा देखिएका वातावरणीय संकट, जोखिम न्यूनीकरण तथा व्यवस्थापन, मानव अधिकार र युवाको दायित्वबारे प्रस्तुति दिएका थिए।

## अभद्र व्यवहार सम्बन्धी मुद्दामा वडाध्यक्ष पक्राउ

जलेश्वरटुडे समाचारदाता
कलैया, १४ असार



बाराको प्रसौनी गाउँपालिका -६ का वडाध्यक्ष बृजकिशोर कुशवाहा अभद्र व्यवहार सम्बन्धी मुद्दामा पक्राउ पर्नुभएको छ। अदालतबाट जारी भएको पक्राउ पुर्जीका आधारमा प्रहरीले आइतबार उहाँलाई नियन्त्रणमा लिई थप अनुसन्धान प्रक्रिया अघि बढाएको हो। जिल्ला प्रहरी कार्यालय बाराका अनुसार ३७ वर्षीय वडाध्यक्ष कुशवाहाविरुद्ध दर्ता भएको अभद्र व्यवहार मुद्दामा अनुसन्धानका लागि २०८३ वैशाख १७ गते अदालतबाट पक्राउ पुर्जी जारी भएको थियो। सोही पक्राउ पुर्जी तथा अदालतको अनुमति आदेश कार्यान्वयन गर्दै इलाका प्रहरी कार्यालय प्रसौनीका प्रहरी निरीक्षक सुमन लामाको नेतृत्वमा खटिएको प्रहरी टोलीले उहाँलाई कलैया उपमहानगरपालिका-२३, वैराठपुरबाट पक्राउ गरेको हो।






समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक
सबै क्षेत्रको प्रखरताको सुरु
www.jaleshwortoday.com
जलेश्वर टुडे
Jaleshwor Today National Daily
एक कदम अगाडि



## सम्पादकीय...................

# आनन्दको अनुभूतितर्फ यात्रा गरौं

*सबै परिस्थितिका बाबजुद पनि वर्तमान क्षणमा बाँच्नु, विगतको पश्चात्ताप र भविष्यको चिन्ताबाट मुक्त हुनु र आफ्नो जीवन यात्रालाई अरूको यात्रासँग तुलना नगर्नु नै आनन्दको अनुभूतिमा जिउनु रहेका छन । यसलाई निरन्तर निखार ल्याउन ध्यान र मौनताको अभ्यास आवश्यक रहेको देखिन्छ । दैनिक कम्तीमा ३० मिनेट ध्यानका लागि समय छुट्याउनुपर्छ । साथै, दैनिक सेवा र करुणा भाव अपनाउनु आवश्यक रहेका छन । आपत्मा परेका र जरुरत व्यक्तिलाई सहयोग गर्दा मनमा स्वाभाविक खुसी उत्पन्न हुन्छन । यसबाट नै सृष्टिका प्रत्येक सिर्जनासँग सकारात्मक सम्बन्ध निर्माण हुँदै जान्छन । अकारण प्रेम, सम्मान र विश्वासमा आधारित सम्बन्ध विकास हुन्छ जसले जीवनलाई आन्तरिक रूपमा समृद्ध बनाउँछन । अतः सुखको खोजी मानव जीवनको स्वाभाविक प्रवृत्ति रहेको छ । तर वास्तविक सुख बाहिरी उपलब्धिहरूमा मात्र सीमित छैन । मनले जब अभावभन्दा उपलब्धिलाई हेर्न सिक्छ, तब कृतज्ञता जन्मिन्छन । कृतज्ञताले सन्तुष्टि ल्याउँछ, सन्तुष्टिले शान्ति ल्याउँछ र शान्तिले अन्ततः आनन्द तर्फको ढोका खुल्ने देखिन्छ ।*

*शरीरको सुख आवश्यक छन, मनको शान्ति महत्वपूर्ण छन, तर आत्माको आनन्द जीवनको सर्वोच्च उपलब्धि रहेका छन । ध्यान, आत्मचिन्तन र कृतज्ञताको अभ्यासले हामीलाई यस यात्रामा अगाडि बढ्न मद्दत गर्छ । त्यसैले अब, केवल खुसीको खोजीमा होइन, आनन्दको अनुभूतितर्फ यात्रा गरौं-जहाँ जीवन केवल बिताइँदैन, पूर्ण रूपमा जिइने गरन्छ । जब हामीसँग भएको कुराको कदर गर्न सिक्छौं, तब सुख बढ्दै जाने देखिन्छ । जब हामी आफ्नो वास्तविक स्वरूपलाई चिन्छौं, तब मात्र आनन्द भाव प्रकट हुन्छन ।*

# खेलकुद स्वास्थ्यका लागि, खेलकुद राष्ट्रका लागि : ममता तेक्वान्दो दोजाङको जुनियर ग्रेडिङ सम्पन्न

**मोनु गुप्ता**
**जनकपुरधाम, १४ असार**

"खेलकुद स्वास्थ्यका लागि, खेलकुद राष्ट्रका लागि" भन्ने नारासहित ममता तेक्वान्दो दोजाङको जुनियर ग्रेडिङ कार्यक्रम आइतबार लभ्ली पब्लिक विद्यालय, सीता चोक, जनकपुरधाममा सम्पन्न भएको छ ।

ग्रेडिङ कार्यक्रममा खेलाडी, अभिभावक, गुरु वर्ग तथा विद्यालयका प्रधानाध्यापकको उल्लेखनीय सहभागिता रहेको थियो। कार्यक्रममा सहभागी खेलाडीहरूलाई अभिभावक, गुरु वर्ग तथा प्रधानाध्यापकद्वारा प्रमाणपत्र र नयाँ बेल्ट प्रदान गरिएको थियो । कार्यक्रमलाई




सम्बोधन गर्दै प्रशिक्षक तथा ब्ल्याक बेल्ट तेक्वान्दो गुरु उमेश साहले खेलकुदले व्यक्तिको शारीरिक, मानसिक र नैतिक विकासमा महत्त्वपूर्ण भूमिका खेल्ने बताए ।

उनले अनुशासन, आत्मविश्वास र नेतृत्व क्षमताको विकासका लागि तेक्वान्दोजस्ता खेल आवश्यक रहेको उल्लेख गरे । उनले भने, "आजका बालबालिका नै भोलिको राष्ट्रको भविष्य हुन् ।

उनीहरूलाई सानैदेखि खेलकुदमा जोड्न सके स्वस्थ, अनुशासित र जिम्मेवार नागरिक निर्माण गर्न सकिन्छ। खेलकुदले केवल पदक जित्ने मात्र नभई जीवनमा संघर्ष गर्न सक्ने क्षमता पनि प्रदान गर्छ ।"विद्यालयका प्रधानाध्यापकले यस्ता कार्यक्रमले विद्यार्थीहरूको सर्वाङ्गीण विकासमा टेवा पुग्ने विश्वास व्यक्त गर्दै आगामी दिनमा पनि विद्यालयले खेलकुद गतिविधिलाई निरन्तर प्रोत्साहन गर्ने प्रतिबद्धता जनाए ।

कार्यक्रम उत्साहपूर्ण वातावरणमा सम्पन्न भएको थियो । सहभागी खेलाडीहरूले विभिन्न सीप प्रदर्शन गर्दै आफ्नो क्षमता प्रस्तुत गरेका थिए भने अभिभावकहरूले बालबालिकाको प्रगतिप्रति खुशी व्यक्त गरेका थिए ।

# व्याहुत सुडी सेवा समितिको नयाँ कार्यसमितिले गर्यो शपथ ग्रहण, उमाशंकरले सम्हाले नेतृत्व

**दीपक श्रेष्ठ मण्डल**
**जनकपुरधाम, १४ असार**

व्याहुत सुडी सेवा समिति, जनकपुरधामको नवनिर्वाचित कार्यसमितिका पदाधिकारी तथा सदस्यहरूको पद तथा गोपनीयताको शपथग्रहण समारोह सम्पन्न भएको छ। शपथ सँगै नयाँ कार्यसमितिले औपचारिक रूपमा समितिको जिम्मेवारी सम्हालेको छ ।

निर्वाचन समितिका संयोजक डा. भोला साहले नवनिर्वाचित पदाधिकारी तथा सदस्यहरूलाई पद तथा गोपनीयताको शपथ ग्रहण गराएका थिए। समारोहमा समितिका नवनिर्वाचित अध्यक्ष उमाशंकर प्रसाद साह, उपाध्यक्ष कुशेश्वर प्रसाद



साह, महासचिव लक्ष्मण प्रसाद साह, सचिव गौरीशंकर साह तथा कोषाध्यक्ष ऋषिकेश साहलगायत कार्यसमिति सदस्यहरूको सहभागिता रहेको थियो । नवनिर्वाचित कार्यसमितिका सदस्यहरू रामआशिष साह, बलीराम साह, कुमोद प्रसाद साह, विष्णुकुमार साह, उर्मिला देवी साह र सुनिता देवी साहले समेत पद तथा गोपनीयताको शपथ ग्रहण गरेका छन् । शपथ ग्रहणपछि निवर्तमान अध्यक्ष चन्द्रेश्वर प्रसाद साहले समितिको नेतृत्व औपचारिक रूपमा नवनिर्वाचित अध्यक्ष उमाशंकर प्रसाद साहलाई हस्तान्तरण गरेका थिए । कार्यक्रमलाई सम्बोधन गर्दै अध्यक्ष साहले समुदायको विश्वास र सहयोगलाई आधार बनाएर समितिलाई अझ सक्रिय, पारदर्शी र उत्तरदायी संस्थाका रूपमा विकास गर्ने प्रतिबद्धता व्यक्त गरे ।

उनले सामाजिक एकता, शिक्षा, युवा सहभागिता तथा समुदायको हितका कार्यक्रमलाई प्राथमिकताका साथ अघि बढाउने बताए । समारोहमा समाजका अगुवा, बुद्धिजीवी, विभिन्न क्षेत्रका प्रतिनिधि तथा व्याहुत सुडी समुदायका सदस्यहरूको उल्लेखनीय उपस्थिति रहेको थियो । सहभागीहरूले नयाँ कार्यसमितिलाई सफल कार्यकालको शुभकामना व्यक्त गरेका थिए ।

# पूर्वसूचना नदिई गृहमन्त्रीद्वारा पर्सा जिल्लाका सीमावर्ती क्षेत्रको आकस्मिक अनुगमन

**जलेश्वरटुडे समाचारदाता**
**बिरगंज, १४ असार**

गृहमन्त्री सुधन गुरुङले शनिबार पूर्वसूचना नदिई पर्सा जिल्लाका सीमावर्ती क्षेत्रको आकस्मिक अनुगमन गर्नुभएको छ ।

उहाँले मुलुकको प्रमुख प्रवेशद्वार मानिने वीरगञ्ज भन्सार नाका, अलौं, खल्वाटोला, सिर्सिया पनटोका लगायतका सीमाक्षेत्रको निरीक्षण गर्नुका साथै स्थानीयसँग अन्तरक्रिया गर्नुभएको हो ।

भारतीय सीमासँग जोडिएका नाकाबाट सुरक्षाकर्मीको मिलेमतोमा बिहान र रातिको समयमा अवैध व्यापार तथा तस्करी हुने गरेको गुनासो विभिन्न माध्यमबाट आएपछि गृहमन्त्री गुरुङले स्थानीय प्रशासन र सुरक्षा निकायलाई जानकारी नदिई आफ्नो परिचयसमेत नखुल्ने गरी



सीमाक्षेत्रको वस्तुस्थिति बुझ्न अनुगमन गर्नुभएको बताइएको छ । अनुगमनका क्रममा स्थानीय तथा प्रत्यक्षदर्शीले सीमावर्ती क्षेत्रमा जडान गरिएका सिसिटिभी क्यामेराको प्रभावकारी अनुगमन नहुँदा तस्करी तथा अवैध कारोबार नियन्त्रणमा अपेक्षित सफलता हासिल हुन नसकेको बताएका थिए । साथै, सशस्त्र प्रहरी र नेपाल प्रहरीबीच समन्वय र सहकार्यको अभावका कारण सुरक्षा व्यवस्थापन तथा तस्करी नियन्त्रणमा समस्या देखिएको उनीहरूले गृहमन्त्रीलाई जानकारी गराएको सुरक्षा स्रोतले जनाएको छ ।

## तपाईको टुडे

मेष: विचार गरेर बोल्नुहोला
वृष: लामो यात्राको योग छ
मिथून: पिछडेको साथी मिल्ने
कर्कट: मनमा पछुतो आउने
सिंह: पढाईमा ध्यान दिनुपर्ने
कन्या: अशुभ समाचार प्राप्त हुने
तुला: शुभ कार्यको शुरुवात
वृश्चिक: मित्रतामा फाटो आउने
धनु: अनावश्यक खर्चको संभावना
मकर: अनावश्यक चिन्ता
कूम्भ: खानपानमा समस्या आउने
मीन: आम्दानी हुने


## मधेश प्रदेशको गौरव

**श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।**



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

**श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा**


## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर | 525342 |

### जलेश्वरनाथ मन्दिर पुजाआजा

विहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

### जानकी मन्दिर पुजाआजा

विहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : निःशुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# सहयोगी मनहरूको ढोका ढकढक्याउन बाध्य



जलेश्वरटुडे समाचारदाता
रौतहट, १४ असार

आफ्नी जीवनसंगिनीको जीवन बचाउन सक्दो प्रयास गर्दा गर्दै सबै सम्पत्ति गुमाएका रौतहटका एक सर्वसाधारण अहिले सहयोगी मनहरूको ढोका ढकढक्याउन बाध्य भएका छन् ।

रौतहटको गरुडा नगरपालिका-२ गेडहीगुठी निवासी ईनरदेव सहनी (अनिश) ले आफ्नी ३१ वर्षीया पत्नी पूजा देवीको उपचारका लागि आर्थिक सहयोगको मार्मिक अपिल गरेका हुन् । पूजा देवी विगत केही वर्षदेखि रगतसम्बन्धी अत्यन्तै दुर्लभ र जटिल रोग 'आईटीपी' (इडियोप्याथिक थ्रोम्बोसाइटोपेनिक पर्पुरा) सँग संघर्ष गरिरहेकी छन्। यो रोगका कारण उनको जीवन निरन्तर जोखिममा छ ।

आफ्नो सिन्दूर जोगाउने आशामा ईनरदेवले नेपाल र भारतका दर्जनौं अस्पताल धाइसकेका छन्। वीरगञ्जको नारायणी अस्पताल, नेशनल मेडिकल कलेज, भरतपुर अस्पताल, काठमाडौंको सिभिल अस्पताल, नेपाल मेडिकल कलेज, भारतको पटनास्थित पीएमसीएच, इन्दिरा गान्धी अस्पताल, मुजफ्फरपुरको प्रशान्त मेमोरियल अस्पताल, चण्डीगढ र अन्ततः नयाँदिल्लीस्थित एम्स अस्पतालसम्म पुगेर उपचार गराए। तर लाखौं रुपैयाँ खर्च गर्दा पनि पूजाको स्वास्थ्यमा अपेक्षित सुधार आउन सकेन । उपचारको क्रममा ईनरदेवले आफ्नो सबै सम्पत्ति गुमाइसकेका छन्।

'श्रीमतीलाई बचाउन मैले आफ्नो भएभरको सबै सम्पत्ति सिद्ध्याएँ। उपचारकै क्रममा घरको करिब १५ कठ्ठा जग्गा बेचिसक्यौं। गोठका साना-ठूला पशुचौपाया पनि बेचेर उपचारमा लगायौं। अहिले हामी बस्ने एउटा ओत लाग्ने घरबाहेक संसारमा केही बाँकी छैन,' उनले गहभरी आँसु पार्दै भने । उनका अनुसार उपचारका क्रममा हालसम्म ३५ लाख रुपैयाँभन्दा बढी खर्च भइसकेको छ ।

यति ठूलो रकम खर्च गर्दा पनि पत्नीको स्वास्थ्यमा सुधार नआएपछि उनीहरू फेरि नयाँ चुनौतीसँग जुधिरहेका छन् । हालै नयाँदिल्लीस्थित एम्स अस्पतालका विशेषज्ञ चिकित्सकहरूले पूजा देवीको ज्यान जोगाउने अन्तिम विकल्पका रूपमा 'बोन म्यारो ट्रान्सप्लान्ट' (अस्थिमज्जा प्रत्यारोपण) गर्नुपर्ने सुझाव दिएका छन् । तर उक्त उपचारका लागि मात्रै थप करिब ६० लाख रुपैयाँ आवश्यक पर्ने अनुमान गरिएको छ ।


## बन जंगल डढेलोबाट जोगाउँ

बन अतिक्रमण गर्ने कार्य कानून विपरित हो । त्यस्ता कार्य गर्नेलाई चेतना प्रदान गरौं । वन पैदावार जडीबुटीको अबैध ओसार पोसार र जीवजन्तुको अबैध शिकार नगरौं । वन विनाश हुन नदिऊ साथै बृक्षारोपण गरौं । सडकको पेटीमा रुख रोपौं,पर्यावरण सफा र स्वस्थ्य राखौं । वन हाम्रो जिवनको आधार हो भने जिवजन्तुको वासस्थान पनि हो ।

**डिभिजन वन कार्यालय**
**जनकपुरधाम,धनुषा**

## सूचना

मधेस प्रदेशको राजधानी जनकपुरधामको कुवा रामपुरमा यो सचिवालय रहेको छ । यस प्रदेशको माननीय प्रदेश सदस्यहरुले यस सभामा प्रदेशको समग्र विकासको लागि विभिन्न नीति तथा बजेटको तर्जुमा गरी सो कार्यान्वयनको लागि प्रस्ताव राख्ने तथा सो लागु गराउने प्रमुख भूमिका खेल्दछन् । प्रदेश सभा सचिवालले जारी गर्ने बैठक सम्बन्धी सूचना सबै माननीयहरुले जानकारी प्राप्त गरी सकेपछि यस सभामा अनिवार्य उपस्थित रहन आवश्यक हुन्छ ।

**प्रदेश सभा सचिवालय**
**मधेस प्रदेश,जनकपुरधाम, धनुषा**


# भटमासको प्रशोधित तेल सबैभन्दा बढी निर्यात

जलेश्वरटुडे समाचारदाता
पर्सा, १४ असार



मुलुकको प्रमुख व्यापारिक नाका वीरगन्जबाट निर्यात हुने वस्तुमध्ये चालु आर्थिक वर्षको जेठ मसान्तसम्म पनि भटमासको प्रशोधित तेल सबैभन्दा बढी निर्यात हुने वस्तु बनेको छ। यद्यपि गत आर्थिक वर्षको तुलनामा यसको निर्यात मूल्यमा उल्लेख्य गिरावट आएको छ ।

वीरगन्ज भन्सार कार्यालयको तथ्यांकअनुसार, चालु आर्थिक वर्षको जेठ मसान्तसम्म मूल्यका आधारमा निर्यात भएका पाँच प्रमुख वस्तुमा क्रमशः भटमासको प्रशोधित तेल, फलफूलको जुस, सूर्यमुखीको प्रशोधित तेल, विभिन्न किसिमका कपडा तथा सेन्थेटिक यार्न रहेका छन्। यी वस्तुले भारतसहित तेस्रो मुलुकतर्फ हुने कुल निर्यातको ठूलो हिस्सा ओगटेका छन्। तर सूर्यमुखीको प्रशोधित तेल र सेन्थेटिक यार्नको निकासी पनि यस बर्ष घटेको छ। शीर्ष स्थानमा रहेको भटमासको प्रशोधित तेलको निर्यात अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा करिब २४ प्रतिशतले घटेको छ । गत आर्थिक बर्षको जेठ महिनासम्ममा यो नाका हुँदै ५५ अर्ब २८ करोड रुपैयाँ बराबरको २६ करोड लिटर भटमासको प्रशोधित तेल भारततर्फ निकासी भएको थियो । चालु आवको यस अवधिमा भने ४९ अर्ब ६८ करोड रुपैयाँ बराबरको २३ करोड ६६ लाख लिटर भटमासको प्रशोधित तेल निकासी भएको छ ।

दोस्रो स्थानमा रहेको फलफूलको जुसको निर्यात सबैभन्दा उल्लेख्य रूपमा बढेको छ। यसको निर्यात मूल्य करिब एक अर्ब रुपैयाँभन्दा बढीले वृद्धि हुँदै झण्डै दोब्बर पुगेको छ। गत बर्ष ७ अर्ब २५ करोड रुपैयाँ बराबरको ७ करोड ५७ लाख लिटर जुस निकासी भएको थियो । चालु आवको जेठ महिनासम्ममा ८४ अर्ब ७८ करोड रुपैयाँ बराबरको ५४ करोड लिटर जुस निकासी भएको छ। तेश्रो स्थानमा रहेको सूर्यमुखीको प्रशोधित तेलको निकासी यस बर्ष घटेको छ। गत बर्ष ८ अर्ब ४२ करोड रुपैयाँ बराबरको ३ करोड ९० लाख लिटर यो तेल भारततर्फ निकासी भएको थियो । चालु बर्षमा भने ५ अर्ब ४७ करोड रुपैयाँ बराबरको ८ करोड १० लाख लिटर सूर्यमुखीको प्रशोधित तेल निर्यात भएको छ । यसरी यो तेलको निकासी परिमाण बढेपनि यो मूल्यको आधारमा निकासीमा भने व्यापक गिरावट आएको छ ।

# वर्तमान सरकारको रवैया 'शङ्कास्पद': नेपाल

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, १४ असार



नेपाली कम्युनिष्ट पार्टी (नेकपा) का सहसंयोजक एवं पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले मुलुकको राष्ट्रिय हितको विषयमा वर्तमान सरकारको रवैया 'शङ्कास्पद' रहेको टिप्पणी गरेका छन् ।

जननेता मदन भण्डारीको ७५औं जन्मजयन्तीका अवसरमा आइतबार काठमाडौंमा आयोजित 'नेपालको कम्युनिष्ट आन्दोलन र जननेता मदन भण्डारी' विषयक विचार गोष्ठीमा बोल्दै उनले यस्तो बताएका हुन् । सहसंयोजक नेपालले विदेशी शक्तिहरूले नेपालमा चलखेल गर्न खोजिरहेको उल्लेख गर्दै त्यसप्रति कम्युनिष्ट पार्टीहरूले उच्च सतर्कता अपनाउनुपर्ने आवश्यकता औंल्याए । विदेशीहरूले देशमा हालीमुहाली नचलाऊन्, राष्ट्रिय हितमा कुठाराघात नगरून् र हाम्रा छिमेकी मित्रराष्ट्रहरूका विरुद्धमा नेपाललाई गतिविधिको केन्द्र नबनाऊन् भन्ने कुरामा विचार पुऱ्याउनुपर्ने उनको भनाइ थियो। यसका साथै देशमा जनताको अधिकार खोस्ने अनेकौं कोसिसहरू भइरहेको भन्दै उनले चिन्ता व्यक्त गरे । कार्यक्रमलाई सम्बोधन गर्दै उनले भने, "विदेशी शक्तिहरू जसरी चलखेल गर्न खोजिरहेका छन्, त्यसमा हामी धेरै सतर्क हुनुपर्दछ। वर्तमान सरकारको यस सन्दर्भमा रवैया 'शङ्कास्पद' छ । सँगसँगै जनताका अधिकारहरूमाथि कुठाराघात गर्ने अनेक खालका कोसिसहरू भइरहेका छन् ।





**अनुरोधकर्ता**
**मटिहानी नगरपालिकाको कार्यालय**
**महोत्तरी , मधेश प्रदेश**

# प्रदेशसभाबिना कस्तो संघीयता ?



-रास्वपाले प्रदेशसभा खारेजीको प्रस्ताव अघि सारेपछि संघीयताको मर्ममाथि गम्भीर प्रश्न उठेको छ । संघीयताको आधारभूत संरचना कमजोर पार्न खोज्नु मधेश आन्दोलनको उपलब्धि र राजनीतिक आकांक्षामाथि प्रहार गर्नु हो । संघीयताको प्रभावकारी कार्यान्वयन र सुदृढीकरणभन्दा पनि रास्वपाभित्र त्यसको औचित्यमाथि नै प्रश्न उठाउने प्रवृत्ति बढ्दै गएको छ ।

रास्वपाको चुनावी सफलतामा मधेशको विशेष भूमिका छ । चुनावी अभियानका क्रममा बालेन शाह जनकपुर पुगेका थिए । मधेशी पहिरनसहित उनले स्थानीय भाषामा छोटो तर प्रभावशाली भाषण गरे । त्यो भाषण चुनावी कार्यक्रमको औपचारिक हिस्सा मात्र सावित भएन, मधेशका जनतामाझ एउटा स्पष्ट राजनीतिक सन्देश प्रवाह गर्‍यो । त्यतिबेला बालेनले संघीयताको पक्षमा स्पष्ट धारणा व्यक्त गरेका थिए । मधेशमा उनको अभिव्यक्तिलाई सामान्य राजनीतिक भाषणका रूपमा मात्रै हेरिएन । मधेश आन्दोलन, समावेशिता, पहिचान र स्वशासनको लामो राजनीतिक संघर्षको पृष्ठभूमिमा यसलाई संघीयताको पक्षमा गरिएको प्रतिबद्धताका रूपमा बुझियो । यसपछि मधेशमा रास्वपाप्रति विश्वासको वातावरण निर्माण भयो । बालेनको लोकप्रियता र संघीयताप्रतिको सकारात्मक सन्देशका कारण मधेशका मतदाताले रास्वपालाई व्यापक समर्थन गरे । मधेश रास्वपामय बन्यो । तर अहिले परिस्थिति फेरिएको देखिन्छ । रास्वपाको संघीयताप्रतिको प्रतिबद्धतामा पुनः प्रश्न उठ्न थालेका छन् । पार्टीभित्र तयार गरिएका विभिन्न नीतिगत दस्तावेज र प्रतिवेदनहरूमा प्रदेशसभा खारेज गर्ने प्रस्ताव समावेश गरिएको छ । विशेषगरी उपसभापति स्वर्णिम वाग्लेले तयार पारेको 'अर्थराजनीतिक प्रस्तावना' मा प्रदेशसभा खारेजीको विषय उल्लेख छ । अर्थात्, रास्वपा प्रदेशसभा खारेजीको पक्षमा रहेको देखिन्छ । संघीयताको मूल आधार प्रदेश हो । प्रदेशबिनाको संघीयता इन्जिनबिनाको गाडी जस्तै हो । र, प्रदेशसभाबिनाको संघीयता नेपालको पुरानो प्रशासनिक संरचना-अञ्चल र विकास क्षेत्र जस्तै हो । संघीयताको मर्मअनुसार प्रदेश राजनीतिक स्वशासनका लागि निर्माण गरिएको संवैधानिक संरचना हो । यो स्वायत्त सरकार हो । प्रदेशसभाले प्रदेशको जनमतलाई प्रतिनिधित्व गर्छ । प्रदेश सरकारलाई वैधानिकता प्रदान गर्छ र स्थानीय आवश्यकता तथा प्राथमिकताअनुसार नीति निर्माण गर्ने अधिकार राख्छ । यदि प्रदेशसभा नै हटाइयो भने प्रदेशको राजनीतिक अस्तित्व अर्थहीन बन्छ । व्यवस्थापिकाविहीन प्रदेश वास्तविक अर्थमा प्रदेश होइन । केवल एउटा प्रशासनिक एकाइ मात्र हो । यदि प्रदेशलाई केवल प्रशासनिक संरचनामा सीमित गरिन्छ भने त्यो संघीयता होइन । केन्द्रबाट सञ्चालित पुरानै एकात्मक शासन व्यवस्थाको परिमार्जित रूप हुनेछ ।

संघीयताको आलोचना गर्नेहरूले प्रायः प्रदेश सरकारहरू प्रभावकारी हुन नसकेको तर्क गर्छन् । यो तर्क पूर्ण रूपमा आधारहीन भने होइन । प्रदेश सरकारहरूले अपेक्षित उपलब्धि दिन नसकेको गुनासो व्यापक रूपमा सुनिन्छ । प्रशासनिक जटिलता, नीति निर्माणमा कमजोरी, स्रोतको अभाव तथा राजनीतिक अस्थिरताका कारण प्रदेश सरकारहरूको कार्यसम्पादन सन्तोषजनक हुन नसकेको सत्य हो । यद्यपि, समस्या संघीयताको सिद्धान्तमा छ कि यसको कार्यान्वयनमा ? कुनै पनि प्रणालीलाई पूर्ण रूपमा कार्यान्वयन नै नगरी असफल घोषणा गर्न मिल्दैन । नेपालको संघीयता अझै पनि संक्रमणकालीन अवस्थामै छ । संविधानले प्रदेशलाई दिएका धेरै अधिकार व्यवहारतः संघकै नियन्त्रणमा छन् । यस्तो अवस्थामा प्रदेशहरू अपेक्षित रूपमा सफल हुन सकेनन् भनेर संघीयताको अवधारणालाई नै असफल ठहर गर्नु न्यायोचित हुँदैन । कुनै बिरुवालाई पर्याप्त पानी, मल र घाम नदिई त्यसले फल दिएन भनेर दोष दिनु जस्तै हो । संघीयतालाई पूर्ण अधिकार, पर्याप्त स्रोत र संस्थागत समर्थन दिएपछि मात्र यसको वास्तविक

**साभार : कान्तिपुर ।**


## लिक्विडेटर कार्यालयको हकदावी सम्बन्धी सूचना

कम्पनीको मिति २०८३/०२/२६ मा सम्पन्न विशेष/बार्षिक साधारण सभाको निणर्य बमोजिम कम्पनीको साविक नाम (**भेषभूषा टेक्नोलोजीज प्रा. लि.२७३७५३/०७८/०७९**) को नाममा रहेको सम्पूर्ण चलअचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर दायित्व आदि परिवर्तित नाम (**वन एग्रो टेक प्रा. लि.२७३७५३/०७८/०७९**) को कम्पनीले सकार्ने व्यहोर्ने र नामका सम्बन्धमा भ्रम सृजना भई उजुरी परेमा संशोधन गर्ने शर्तमा त्यस कम्पनीको नाम परिवर्तन गरी मिति २०८३/०३/१० को निर्णयानुसार **वन एग्रो टेक** प्रा.लि. कायम गरिएको छ ।






**अनुरोधकर्ता**
**बिदेह नगरपालिकाको कार्यालय**
**धनुषा,मधेश प्रदेश**

## सूचना

- पशुपन्क्षी तथा मत्स्य निर्देशनालयबाट जारी हुने उपभोक्तामूखी सूचनाको पालना गरौ ।
- पशुपन्क्षीलाई आवश्यक हेरचाह गरौं तथा पोषणयुक्त खाने कुरा खुवाऔं ।
- पशुपन्क्षीलाई कुनै रोग लागेमा वा कुनै स्वास्थ्य सम्बन्धी गरबरी भएमा, आवश्यक सल्लाह लिनु परेमा नजिकको भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा सम्पर्क गरौं ।
- माछा सम्बन्धी यस निर्देशनालयबाट दिइने विभिन्न तालिममा सहभागि भई माछा उत्पादनमा हातेमालो गरौं ।
- माछाको भुर्रा वा अन्य सम्बन्धमा कुनै जानकारी लिनु परेमा यस निर्देशनालयमा सम्पर्क गरौं ।
- पशुपन्क्षी तथा मत्स्य निर्देशनालयले किसानमूखि कार्यक्रमहरु संचालन गर्ने गराउने भएकोले समयमै सम्पर्क गरी मौकाको फाइदा उठाउनु होस् ।

**पशुपन्क्षी तथा मत्स्य निर्देशनालय,जनकपुरधाम**

## जलश्रोत र सिंचाईमा ध्यान दिऔं

- जलश्रोतको मुहान पहिचान गरौं र सिंचाईलाई सुलभ बनाऔं ।
- पानी मुहान, सिमसार, तालतलैयाको संरक्षण गरौं, जैविक विविधतालाई संचित राखौं ।
- खाली जग्गाहरुमा वृक्षारोपण गरौं, जलश्रोत तथा सिंचाईको विकासमा अमूल्य योगदान गरौं ।
- खोला किनारमा रुख रोपौं, नदी कटान बाढी रोकथाम गर्दै विपद् व्यवस्थापनमा सहयोग गरौं ।
- आफ्नो टोल, गाउँ नगर तथा सार्वजनिक स्थल र वातावरण सफा राखौं ।
- जलश्रोतको उच्च उपयोग गरौं र सिंचाईको उपलब्धतामा ध्यान दिऔं ।
- स्थानिय सरोकारबालाहरुसँग हातेमालो गरी जलश्रोत र सिंचाईबारे सहयोग लिऊ।
- जलश्रोत तथा सिंचाईको विकास तथा प्रबर्द्धनमा सबैको पारस्परिक सहयोगको आवश्यकता रहेकोले सबैले सबैलाई सहयोग गर्ने बातावरण तयार गर्नु पर्दछ ।

**जलश्रोत तथा सिंचाई विकास डिभिजन**
**जनकपुरधाम,धनुषा**

## सूचना !

सडक हामी सबैको सम्पत्ति हो, सडक सीमाको अतिक्रमण नगरौं, सडक सीमाभित्र फोहर, गोबर, खरानी लगायतका सामानहरु नराखौं, निर्माण सामाग्री, ढल निकास गर्ने जस्ता कार्यहरु नगरौं, सडक दुर्घटनाबाट जोगिऔं र अरुलाई पनि जोगाऔं ।

**सडक डिभिजन कार्यालय,धनुषा**



प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : जय दुर्गा अफसेट प्रेस, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday